# बेनी नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय

बेनी, म्याग्दी

प.सं.: २०८१/०८२
च.नं.:

गण्डकी प्रदेश, नेपाल

मिति : २०८१/१२/१९

बेनी नगरपालिका नगर कार्यपालिकाको कार्यालय बेनी, म्याग्दी गण्डकी प्रदेश नेपाल २०७२

**विषय : रिक्त पदमा स्थायी शिक्षक सरुवा सम्बन्धी सूचना ।**

श्री यो जो जस सँग सम्बन्धित छ ।

म्याग्दी जिल्ला बेनी नगरपालिका अन्तर्गत श्री धौलागिरी माध्यमिक विद्यालय बे.न.पा.–४, माध्यमिक तह तृतीय श्रेणी अङ्ग्रेजी विषयको शिक्षक पद मिति २०८१/१२/२१ गतेदेखि अनिवार्य अवकाश भइ रिक्त हुन लागेको र उक्त कोटामा सरुवाको प्रक्रिया अगाडि बढाइदिन भनी विद्यालयको च.नं.८५ मिति २०८१/११/२१ को पत्रबाट अनुरोध भई आएकोले सम्बन्धित तहमा योग्यता पुगेका स्थायी शिक्षकहरूबाट यो सूचना प्रकाशित भएको मितिले पन्ध्र दिनभित्र शिक्षा नियमावलीको अनुसूची १७ बमोजिमको ढाँचामा सम्बन्धित विद्यालय, स्थानीय तह र शिक्षा विकास तथा समन्वय इकाइको सहमति सहित सम्बन्धित विद्यालयमा निवेदन दिन शिक्षक सरुवासम्बन्धी निर्देशिका, २०८१ को दफा ९ बमोजिम सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ।

**पुनश्च:**

१. तोकिएको म्याद भित्र विद्यालयको इमेल ठेगाना dhawalagiriss2018@gmail.com मार्फत् समेत निवेदन पेश गर्न सकिनेछ ।

२. म्याद नाघी वा तोकिए बमोजिमको रित नपुगी प्राप्त हुन आएका निवेदन माथि कुनै कारबाही हुने छैन।

**बोधार्थ:**

श्री शिक्षा विकास तथा समन्वय इकाई, म्याग्दी ।

श्री धौलागिरी माध्यमिक विद्यालय बे.न.पा- ४ म्याग्दी ।

श्री सूचना प्रविधि शाखा बेनी नगरपालिका — सूचना website मा प्रविष्ट गरिदिनु हुन ।

०८१/१२/१९

क्षेत्रबहादुर भण्डारी
नगर शिक्षा अधिकारी